संघीय संसद
राष्ट्रिय सभा
राष्ट्रिय सरोकार तथा समन्वय समिति

बैठक संख्याः १५७
मिति २०७९/१२/०५
समयः दिनको १: ०० बजे
प्रारम्भः दिनको १: १० बजे
अन्त्यः दिनको ३: ३० बजे

छलफल तथा निर्णय :-

राष्ट्रिय सरोकार तथा समन्वय समितिको आज मिति २०७९/१२/०५ गते बसेको बैठकमा अर्थ मन्त्रालय अन्तर्गत सञ्चालित राष्ट्रिय गौरवको आयोजना मिलिनियम च्यालेन्ज एकाउन्ट नेपालको हालसम्मको कार्यान्वयन प्रगति अवस्था र भावी कार्य योजना विषयमा अर्थ मन्त्रालयका सचिव एवं पदाधिकारीसंग छलफल पश्चात देहाय बमोजिम निर्णय भयो।

(१) नेपालमा सञ्चालित राष्ट्रिय गौरवका आयोजना मिलिनियम च्यालेन्ज एकाउन्ट नेपाल कार्यान्वयनमा गएको ५ वर्षभित्र सम्पन्न गर्नुपर्ने र सो अवधिभित्र सम्पन्न हुन नसकेमा सो आयोजनाका सम्पूर्ण दायित्व नेपाल सरकारले व्यहोर्नुपर्ने विषयमा नेपाल सरकारको ध्यानाकर्षण गराउदै आयोजनालाई तोकिएको समयमै सम्पन्न गर्न आयोजनामा देखिएका जग्गा प्राप्ति, वन क्षेत्रको जग्गा उपयोग, जग्गाको भोगाधिकारको मुआब्जा, जग्गाको मार्गाधिकारमा देखिएका समस्या सरोकार निकाय र पक्षसँग समन्वय गरी समाधान गर्दै आयोजनाको कार्यान्वयन र अनुगमन गर्न, अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय र आयोजनालाई निर्देशन दिने ।

(२) मिलिनियम च्यालेन्ज एकाउन्ट नेपालको सञ्चालक समितिलाई समावेशी बनाउन निर्देशन दिने,

(३) समितिको अर्को बैठकमा मिति २०७९/१२/०६ गते दिनको १:०० बजे कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग नेपालको राष्ट्रिय हित प्रवर्द्धन गर्न पुनरावलोकन गर्न आवश्यक देखिएका सन्धि सम्झौता, पुनरावलोकन गर्नुपर्नाको उद्देश्य, कारण र पुनरावलोकनका विषयका सम्बन्धमा छलफल हुनेगरि आजको बैठक अन्त्य भयो।

(सीता काफ्ले वाग्ले)
समिति सचिव

(दिल कुमारी रावल थापा (पार्वती))
सभापति